मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८३/०१/१४ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ७६ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोखरेल | उपाध्यक्ष | दीपा |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| ५ | ३ | श्री दण्डपाणि पोखरेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोखरेल | सदस्य | — |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | — |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार बस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | सरस्वती |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | — |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |

कार्यसम्पादन सहयोगी कर्मचारीहरु:- १३ श्री नु.म.वि. ध.म. को. वा. वडाध्यक्ष वडा नं. ६

१- नेत्र प्रसाद खनाल - प्रशासकीय अधिकृत
२- शिव प्रसाद आमोल - लेखा अधिकृत
३- पदम आचार्य - स. उ. अ.
४- शेषराज खनाल - का. स.

मालारानी गाउँपालिका, अर्घाखाँची

गाउँ कार्यपालिकाको ७६ औं बैठक

मिति: २०८३।०३।१४

समय: बिहान ८.०० बजे

बैठकका प्रस्तावहरु

१ ७५ औं बैठकको समिक्षा सम्बन्धमा।

२ गाउँपालिकाको दोस्रो चौमासिक एवं अर्धबार्षिक प्रगति समिक्षा सम्बन्धमा

३ हालसम्मको आय व्यय विवरण सम्बन्धमा।

४ अनुगमन प्रतिवेदन सम्बन्धमा

५ आ.व.२०८३/०८४ कालागि लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदानमा सन्चालन हुने योजना छनौट सम्बन्धमा।

६ आ.व.२०८३/०८४ कालागि लुम्बिनी प्रदेश सरकारको बिशेष अनुदानमा सन्चालन हुने योजना छनौट सम्बन्धमा।

७ अपाङ्गता रोकथाम तथा पुन:स्थापना सम्बन्धी आशय पत्र सम्बन्धमा।

८ आर्थिक सहायता र विपद् व्यवस्थापन सम्बन्धमा।

९ बिविध/ समसामयिक बिषयहरु सम्बन्धमा।

गोविन्द भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ता | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ७५ औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८२।१२।१९ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु क्रमश समिक्षा गर्दा सबै कार्यान्वयन भएकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| २ | गाउँपालिकाको दोस्रो चौमासिक एवं अर्धबार्षिक प्रगति समिक्षा सम्बन्धमा | गाउँपालिकाबाट सम्पादित कार्यहरुको चौमासिक, अर्धबार्षिक र बार्षिक प्रगति समिक्षा गरी सोको प्रतिवेदन तयार गर्नुपर्ने कानुनी व्यवस्था भएको। | यस गाउँपालिकाबाट आ.व.२०८२।०८३ मा सम्पादित कार्यहरुको दोस्रो चौमासिक एवं अर्धबार्षिक प्रगति समिक्षा अन्तर्गत सबै सबै शाखा प्रमुखहरुबाट आ आफ्नो शाखाबाट सम्पादित कार्यहरुको प्रगति प्रतिवेदन क्रमश प्रस्तुत भई समिक्षा गर्दा २०८३ जेष्ठ मसान्त भित्र १०० प्रतिशत प्रगति हासिल गर्ने गरी गाउँपालिकाको दोस्रो चौमासिक एवं अर्धबार्षिक प्रगति समिक्षा प्रतिवेदनलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ३ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा। | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको। | आ.व. २०८२।८३ का लागि गाउँसभाबाट विनियोजित रू ६३ करोड ४६ लाख ४१ हजार मध्ये हालसम्म आम्दानी ७८.११ प्रतिशत आय भई चालुतर्फ ६०.७२ प्रतिशत र पुँजीगत बजेट तर्फ ३०.२७ प्रतिशत गरी जम्मा ५२.६५ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो। |
| ४ | अनुगमन प्रतिवेदन सम्बन्धमा | मासिक अनुगमन प्रतिवेदन गाउँ कार्यपालिका बैठकमा पेश हुनुपर्ने कानुनी प्रावधान रहेको | मालारानी गाउँपालिकाबाट आ.व.२०८२।०८३ को बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत २०८२ चैत्र महिनामा गरिएका अनुगमन एवं सुपरिवेक्षण सम्बन्धीको प्रतिवेदन बैठकमा प्रस्तुत भई छलफल गर्दा उक्त प्रतिवेदनलाई अनुमोदन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर भट्टराई

अध्यक्ष

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ता | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ५ | आ.व.२०८३/८४ का लागि लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदानमा सन्चालन हुने योजना छनौट र प्रस्ताव पेश सम्बन्धमा । | आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका( देउखुरी) को च.नं.६१९ मिति २०८२।१२।२७ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८३।०८४ का लागि प्रदेश समपुरक अनुदानका आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्रानुसार गाउँकार्यपालिकाबाट आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्नुपर्ने । | आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका (देउखुरी) को च.नं.६१९ मिति २०८२।१२।२७ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८३।०८३ का लागि प्रदेश समपुरक अनुदानका आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्र र प्रदेश समपुरक अनुदान व्यवस्थापन(दोस्रो संशोधन ) कार्यविधि, २०८१ बमोजिम लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदानबाट सन्चालन गर्ने गरी देहायका आयोजनाहरु छनौट गरी तोकिएको म्याद भित्र प्रस्ताव पेश गर्ने साथै उक्त आयोजनाहरुको कुल लागतको ४० प्रतिशत गाउँपालिकाबाट व्यहोर्ने प्रतिबद्धता गर्ने ।<br>देहाय:-<br>१. प्यारीखर्क- मुलकाचौर- दोबाटा( प्यूठान सिमाना) मो.बा. स्तरोन्नती वडा नं. ८<br>२. साकिन्धारा कृषि सडक स्तरोन्नती वडा नं. ६ | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ६ | आ.व.२०८३/०८४ का लागि लुम्बिनी प्रदेश सरकारको बिशेष अनुदानमा सन्चालन हुने योजना छनौट र प्रस्ताव पेश सम्बन्धमा । | लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका( देउखुरी ) को च.नं.२३६ मिति २०८२।१२।२७ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८३।०८४ का लागि प्रदेश बिशेष अनुदानका आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्रानुसार गाउँकार्यपालिकाबाट आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्नुपर्ने । | लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका( देउखुरी) को च.नं.२३६ मिति २०८२।१२।२७ गतेको पत्रबाट स्थानीय तहहरुलाई आ.व. २०८३।०८४ का लागि प्रदेश बिशेष अनुदानका योजना/कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धीको प्राप्त पत्र र बिशेष अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६(दोस्रो संशोधन २०८१ समेत ) बमोजिम लुम्बिनी प्रदेश सरकारको बिशेष अनुदानबाट सन्चालन गर्ने गरी देहायका योजनाहरु छनौट गरी तोकिएको म्याद भित्र प्रस्ताव पेश गर्ने ।<br>देहाय:-<br>१. १५ शैयाको आधारभुत अस्पताल सन्चालन र व्यवस्थापन तथा संस्थागत क्षमता विकास | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ७ | अपाङ्गता रोकथाम तथा पुन:स्थापना सम्बन्धप आशय पत्र सम्बनधमा । | सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका( देउखुरी) को च.नं. ८५८ मिति २०८३।०१।११ आशयपत्र( Letter of Interest ) पशे गर्ने सम्बन्धमा बिषयक पत्रानुसार अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ अनुसार आशयपत्र पेश गर्नको लागि लागत साझेदारी तथा कार्यान्वयन प्रतिबद्धता गाउँ कार्यपालिकाबाट हुनुपर्ने । | यस गाउँपालिकाको तर्फबाट सामाजिक विकास मन्त्रालयको पत्रानुसार अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ को दफा ८ बमोजिम सञ्चालनका लागि आवश्यक लागत साझेदारी तथा कार्यान्वयनको लागि प्रतिबद्धता गर्ने र सो कार्यविधिको दफा १० बमोजिमको आशयपत्र सहितको प्रस्ताव तोकिएको म्याद भित्र पेश गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल बहादुर भट्टराई
अध्यक्ष

| प्रस्ता | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ८ | आर्थिक सहायता र विपद् व्यवस्थापन सम्बन्धमा। | गाउँपालिका स्थित विभिन्न वडा वासीहरुले औषधी उपचार र विपद् व्यवस्थापन सहयोग माग गरी आवश्यक कागजात संलग्न राखि निवेदन पेश गरेकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | ८.१.यस गाउँपालिका वडा नं. ६ निवासी टिका बहादुर जि.सी. को बंगालोमा आगलागी भएकोले छानो पुनः निर्माण सहयोग वापत उपलब्ध गराईएको ८ फुटे ३८ पाता जस्तालाई अनुमोदन गर्ने।<br><br>८.२. यस गाउँपालिका वडा नं. ३ निवासी कमला वि.क. को घरको छानो खसी घर जोखिमपूर्ण भएकोले छानो पुनः निर्माणको सहयोग वापत ६ फुटे ५६ पाता जस्ता उपलब्ध गराउने<br><br>८.३. यस गाउँपालिका वडा नं. ४ निवासी तिलकराम खनाल लाइ औषधी उपचार सहयोग स्वरुप रु ५ हजार उपलब्ध गराउने।<br><br>८.४. यस गाउँपालिका वडा नं. ३ निवासी कमला वि.क. लाई मुटु रोग उपचार सहयोग वापत रु. २० हजार उपलब्ध गराउने।<br><br>८.५. वडा नं. २ निवासी कुमारी नेपालीलाई क्यान्सर रोग उपचार सहयोग वापत रु. २० हजार उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

९.बिविध/ समसामयिक बिषय सम्बन्धि निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| ९.१ | संङ्घीय विशेष अनुदान अन्तरगतको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | आ.व.२०८२/०८३ को लागि सङ्घीय बिशेष अनुदानमा सामुदायिक विद्यालयहरुमा पुरक शैक्षिक पूर्वाधार कार्यक्रमको लागि एकमुष्ठ बजेट प्राप्त भएकोमा गाउँ कार्यपालिकाको ७५औं बैठकको निर्णयबाट विभिन्न विद्यालयको लागत अनुमान तयारीको लागि विद्यालय छनौट भएकोमा लागत अनुमान पेश भएकोले गाउँ कार्यापालिकाबाट रकम बाँडफाँट हुनुपर्ने। | सङ्घीय बिशेष अनुदानबाट पहिलो चरणमा स्मार्ट टि.भी.२० थान, कम्प्युटर २० थान र प्रिन्टर २३ थान खरिद प्रक्रियामा बचत रकमबाट पेश भएको लागत अनुमानको आधारमा तपशिल बमोजिम रकम बाँडफाँट गरी कार्यान्वयन गर्ने तपशिलः सिद्ध ने.रा. मा.वि. शौचालय मर्मत वडा नं १ रु.३ लाख, विरेन्द्र मा.वि. शौचालय मर्मत, वडा नं. २ रु. १ लाख ६५ हजार, नवज्योती आ.वि. शौचालय , वडा नं. ३ रु. ३ लाख, मुक्ति आ.वि. घेरावार वडा नं. ४ रु. २ लाख ८० हजार, ज्ञानदिप आ.वि. शौचालय तथा घेरवार वडा नं. ५ रु. ४ लाख ५० हजार, सरस्वती आ.वि. घेरावार वडा नं. ६ रु. ३ लाख, शिव शान्ति आ.वि.घेराबार वडा नं.७ रु. ३ लाख ९५ हजार, बालशिक्षा मा.वि. घेरवार वडा नं. ८ रु. ५ लाख ५० हजार, गोखुङ्गा आ.वि. शौचालय मर्मत वडा नं. ९ रु. ४ लाख र महादेव आ.वि. शौचालय मर्मत र घेरवार वडा नं. ९ रु. २ लाख २ हजार । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |